# उखुबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

हरिहरभवन, ललितपुर

# उखुबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६

स्वीकृत मितिः २०७६/०४/१२

<u>प्रस्तावनाः</u> नेपालमा उखुको व्यवसायिक खेती गरी उच्च उत्पादकत्व सहितको गुणस्तरीय उत्पादनको सम्भावना उच्च रहे तापनि न्यून उत्पादकत्व, उच्च लागत मूल्य, जोखिमपूर्ण बजार, उखुको न्यून गुणस्तर, चिनीको न्यून प्रतिलब्धिता र न्यून प्रतिस्पर्धी क्षमता समस्याका रुपमा रहेका छन्। प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिको मिति २०७५/०८/०४ को निर्णयबाट उखु कृषकहरुको उत्पादनमा आवश्यक सुधार र उत्पादकत्व वृद्धि तथा खेती लागत कम गर्न आवश्यक व्यवस्था मिलाउन निर्देशन समेत प्राप्त भएको सन्दर्भमा उखु खेती प्रवर्द्धनको लागि आवश्यक प्रविधि विकास तथा प्रसारको स्पष्ट लक्ष्य निर्धारण गरी ५ वर्षीय कार्यक्रम र विस्तृत कार्ययोजना सहितको प्रतिवेदन तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गठन गरेको कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि आ.ब. २०७६/०७७ को स्वीकृत वार्षिक उखुबाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले **उखुबाली प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया,** २०७६ स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यक्रम सञ्चालन प्रक्रियाको नाम **उखुबाली प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया,** २०७६ रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन प्रक्रिया कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>कार्यक्रम सञ्चालन प्रक्रिया लागु हुने क्षेत्रः</u> (१) यो कार्यक्रम संचालन प्रक्रिया व्यवसायिक रुपमा उखु खेती भइरहेका जिल्लाहरुमा लागु हुनेछ ।

(२) वार्षिक स्वीकृत कार्यक्रमको आधारमा कार्यक्रम कार्यान्वयन हुने जिल्ला छनौट कृषि विभागबाट हुनेछ ।

३. <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यक्रम सञ्चालन प्रक्रियामा;

(क) "अनुदानग्राही" भन्नाले यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चालित कार्यक्रमबाट अनुदान प्राप्त गर्ने व्यक्ति, समूह, सहकारी वा संस्था सम्झनु पर्दछ ।

(ख) "उखु कृषक" भन्नाले नेपालमा उखु उत्पादन गर्ने कृषक सम्झनु पर्दछ ।

सचिव

(ग) "कस्टम हायरिङ्ग सेन्टर" भन्नाले उखु कृषकहरुलाई लक्षित गरी बाली लगाउने देखि बाली कटानीसम्म प्रयोग हुने आवश्यक सबै प्रकारका औजार उपकरणहरुको सेट उपलब्ध हुने सुविधा केन्द्र सम्झनु पर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले उखुवाली प्रवर्द्धन कार्यक्रम सम्झनु पर्दछ ।

(ङ) "चिनी उद्योग"भन्नाले प्रचलित ऐन नियम अनुसार दर्ता भई चिनी उत्पादन गर्ने उद्योग सम्झनु पर्दछ।

(च) "टिस्यु कल्चर ल्याब" भन्नाले तन्तुबाट स्वस्थ उखुको बेर्ना उत्पादन गर्ने उच्च प्रविधियुक्त ल्याब सम्झनु पर्दछ ।

(छ) "निर्देशक समिति" भन्नाले दफा ११ बमोजिमको निर्देशन समिति सम्झनु पर्दछ।

(ज) "नेपाल सरकारबाट स्वीकृत कार्यविधि" भन्नाले कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(झ) "परामर्शदाता" भन्नाले उखु बाली प्रवर्द्धनका लागि बिस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार कर्ता सम्झनु पर्दछ ।

(ञ) "प्रथम पुस्ताको विरुवा" भन्नाले तन्तु प्रजनन विधिबाट पहिलो पटक उत्पादित उखुको स्वस्थ विरुवा सम्झनु पर्दछ ।

(ट) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ठ) "यान्त्रीकरण" भन्नाले उखु खेती तथा उखुको उत्पादनोपरान्त क्रियाकलाप (पोष्टहार्भेष्ट) सँग सम्बन्धित सम्पूर्ण कृषि औजार उपकरण वा सेटको प्रयोग भन्ने सम्झनु पर्दछ ।

(ड) "वार्षिक स्वीकृत कार्यक्रम" भन्नाले कृषि कृषि विभागको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम सम्झनु पर्दछ ।

(ढ) "विभाग" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि विभाग सम्झनु पर्दछ ।

(ण) "समूह" भन्नाले उखु उत्पादक कृषक समूह सम्झनु पर्दछ ।

(त) "सहकारी" भन्नाले आधिकारिक निकायमा दर्ता भएका सहकारी ऐन अनुसार सञ्चालित कृषि सहकारी सम्झनु पर्दछ ।

(थ) "सिफारिस समिति" भन्नालेयस दफा १२ बमोजिमको समिति सम्झनु पर्दछ।

(द) "शोधपत्र" भन्नाले कृषि विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीले उखु वालीमा केन्द्रित भइ गर्ने अनुसन्धान सम्झनु पर्दछ ।

४. <u>उद्देश्य:</u> यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कार्यक्रमको देहाय बमोजिम उद्देश्य रहेको छः-

(क) नयाँ प्रविधिहरुको प्रयोग मार्फत् उखुबालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने,



सचिव

(ख) उखु उत्पादन तथा बजारीकरणमा यान्त्रीकरण प्रवर्द्धन गरी उत्पादन लागत कम गर्ने,

## परिच्छेद-२
## कार्यक्रम सञ्चालनका क्रियाकलापहरु

५. **उखुबाली सम्बन्धी प्राविधिक क्षमता अभिवृद्धि**: प्राविधिक तथा उखुबाली कृषकहरुको प्राविधिक क्षमता अभिवृद्धिका लागि राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रमसँगको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछन्:-

(क) प्राविधिक तथा उखुबाली उत्पादनमा संलग्न कृषकहरुलाई उखुबाली प्रवर्द्धन अन्तर्गत उत्पादन देखि बजारीकरण सम्मका विषयहरुमा तालिम प्रदान गरिनेछ ।

(ख) अध्ययन भ्रमण: प्राविधिक, कृषक र अन्य सरोकारवालाहरुलाई उखुबाली सम्बन्धी अध्ययन तथा अवलोकन भ्रमणहरु गराइनेछ ।

६. **बजार प्रवर्द्धन**: यस अन्तर्गत उखुबाली बजारीकरणमा देखिएका समस्याहरु निराकरण गर्ने क्रियाकलापहरु सञ्चालन गरिनेछन् । विभिन्न सरोकारवाला निकायहरु बीच अन्तरक्रिया सञ्चालन गराई उखुको मूल्य निर्धारण प्रक्रियामा सहजिकरण गरिनेछ । साथै अग्रीम खरिद सम्झौता (Buy Back Agreement) गर्न कार्यको लागि सहजिकरण गरिनेछ ।

७. **उखुबाली सम्बन्धी अध्ययन अनुसन्धान**:(१) उखुबालीको जातीय विकास तथा अन्य प्रविधि विकास सम्बन्धी जानकारी लिन र प्रसार कार्यमा देखिएका समस्याहरु सम्बन्धी पृष्टपोषणका लागि नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गरी अन्तरकृयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(२) उखुबालीको विज्ञ जनशक्तिको विकास गर्न यस बालीको प्रवर्द्धन सम्बन्धी विभिन्न आयामहरुमा स्नातकोत्तर गर्ने विद्यार्थीहरुलाई शोधपत्र अनुसन्धानको लागि अनुदान सहयोग गरिनेछ। शोधपत्र अनुसन्धानको लागि अनुदान प्रदान गर्ने प्रक्रियातथा कार्य विवरण देहाय बमोजिम हुनेछ:-

(क) कार्यक्रम सञ्चालन प्रक्रियाको दफा १२(३) बमोजिमको समितिले शोधपत्रको लागि अनुसन्धान क्षेत्र (Thematic Area) निर्धारण गर्नेछ ।

(ख) निर्धारित अनुसन्धान क्षेत्र (Thematic Area) मा शोधपत्र प्रस्तावको लागि विभागले राष्ट्रिय दैनिकमा सूचना आह्वान गर्नेछ ।

(ग) अनुसूची-१ बमोजिमका कागजातहरु सहित अनुसूची-२ बमोजिमको ढाँचामा समयमा दर्ता भएका प्रस्तावहरुलाई मूल्याङ्कनमा समावेश गरिनेछ।



सचिव

(घ) समितिले दर्ता भएका प्रस्तावहरुलाई अनुसूची-३ का आधारहरु बमोजिम मूल्याङ्कन गरी प्राथमिकीकरण गर्नेछ।

(ङ) समितिले प्राथमिकीकरण गरिएका प्रस्तावहरु मध्येबाट विनियोजित बजेटको आधारमा शोधपत्र अनुसन्धान अनुदानको रकम निर्धारण समेत गरी विभागलाई सिफारिस गर्नेछ।

(च) शोधपत्र अनुसन्धान अनुदान अनुसन्धान विधि, आवश्यक सामग्री र कार्य योजनाको आधारमा प्रति विद्यार्थी बढिमा एक लाख रुपैयाँ सम्म प्रदान गरिनेछ।

(छ) विभागबाट प्रवाह गरिने शोधपत्र अनुसन्धान अनुदान चालु आ.व. मा शुरू हुने अनुसन्धानका लागि मात्र प्रदान गरिनेछ तथा विगत आ.व. मा भएका अनुसन्धानहरु अनुदान प्राप्तिका लागि योग्य हुने छैनन्।

(ज) शोधपत्र अनुसन्धान अनुदान प्राप्त गर्ने बिद्यार्थीले सल्लाहकार समितिमा एकजना सदस्य कृषि विभागबाट तोकिए बमोजिम राख्नुपर्नेछ।

(झ) समितिले सूचना प्रकाशन गरी कृषि सेवाका योग्य व्यक्तिहरुको रोष्टर तयार गर्नुपर्नेछ र शोधसारको क्षेत्र अनुसार कृषि विभागलाई सदस्य सिफारिस गर्नुपर्नेछ।

(ञ) छनौट भएका विद्यार्थीले कृषि विभागमा आफ्नो प्रस्तावको प्रस्तुतीकरण गर्नु पर्नेछ। प्रस्तुतीकरणमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ। प्रस्तुतीकरणमा दिईएका सुझावहरु समावेश गरि विद्यार्थीले पुनः प्रस्ताव तयार गर्नुपर्नेछ ।

(ट) समितिले प्रस्तुतीकरणमा उठेका सबै विषय समावेश भए/नभएको जाँच गरि समावेश भएको पाईएमा सम्झौताको लागि सिफारिस गर्नेछ ।

(ठ) सिफारिस भएका सबै शोधपत्र प्रस्तावहरुलाई अनुदान प्रदान गर्न अनुसूची-४ बमोजिमको ढाँचामा विभागले सम्झौता गर्नेछ । सम्झौता भएको एक आर्थिक वर्ष सम्म मात्र विभागले अनुदान प्रदान गर्न बाध्यकारी हुनेछ । शोधपत्र सम्पन्न एक वर्ष भन्दा बढी अवधि लाग्ने अवस्थामा चालु आ.व. मा दफा (२) को उपदफा (च) बमोजिम रकम उपलब्ध गराइ अर्को आर्थिक वर्षमा सोही प्रकृतिको कार्यक्रम स्वीकृत भएमा तोकिएको बजेट सिमा भित्र रही लागत अनुमान अनुसार तोकिएको शोधपत्र अनुसन्धान अनुदान उपलब्ध गराइनेछ ।

(ड) अनुसन्धान कार्य जारी रहेको अवस्थामा पूर्व जानकारी दिई कुनैपनि बेला कृषि विभाग मार्फत अनुगमन हुन सक्नेछ सो अवस्थामा अनुसाधानकर्ताले सम्पूर्ण यथार्थ विवरण पेश गर्नुपर्नेछ।

(ढ) शोधपत्रको प्रतिरक्षा (defense) गर्नु अघि अनुसन्धानका सबै परिणाम (result) आइसकेपछि विद्यार्थीले कृषि विभागमा प्रस्तुतिकरण गर्नु पर्नेछ। उक्त प्रस्तुतिकरणमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ। प्रस्तुतीकरणमा उठेका विषयहरु आफ्नो सुपरिवेक्षक (supervisor) सँगको सल्लाहमा शोधपत्र प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ र उल्लेख गर्न नसकिने भए कृषि विभागलाई कारण सहित लेखि पठाउनु पर्नेछ ।बहुवर्षीय अनुसन्धानका

हकमा चालु आ.व. को असार मसान्त भित्रै सोही अवधि सम्मको प्रगति सहित प्रस्तुतीकरण गर्नुपर्नेछ ।

(ण) भुक्तानीको लागि विश्व विद्यालयमा प्रतिरक्षा (defense) भैसकेपछि विद्यार्थीले निवेदन सहित शोधपत्रको हार्ड कपि (२ प्रति), सफ्ट कपि र नेपालीमा अनुसन्धानको परिणाम (result) सहितको सार बुझाउनु पर्नेछ ।

८. <u>तन्तु प्रजनन प्रयोगशाला (Tissue Culture Lab) स्थापना तथा सञ्चालन:</u> उखुको क्षेत्र विस्तारको लागि उन्नत जातको विरुवा उत्पादन गरी कृषकहरुलाई वितरण गर्न उखुसँग सम्बन्धित सहकारी/निजि क्षेत्रको लागत सहभागितामा तन्तु प्रजनन प्रयोगशाला (Tissue Culture Lab) स्थापना तथा सञ्चालनगर्न आवश्यक औजार उपकरण खरिद तथा स्थापनाको लागि अनुदान उपलब्ध गराईनेछ ।

९. <u>यान्त्रिकीकरण</u>: (१) उखु खेतीमा यान्त्रिकीकरण प्रवर्द्धनका लागि निजी / सहकारी संस्थासँगको साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापना एवं सञ्चालन गरिनेछ । सो कार्यको लागि बाली लगाउने कार्य देखि भण्डारण सम्म आवश्यक पर्ने मेशिनरी औजार उपकरणको सेट खरिदमा अनुदान उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) मा उल्लेख भएको कष्टम हायरिङ्ग सेन्टर स्थापना एवं सञ्चालनका लागि अनुसूची-५ मा उल्लेख भए बमोजिमको यन्त्र उपकरणहरुको न्यूनतम सेट हुनुपर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख भए अलावा स्थानीय तहरुसँगको साझेदारीमा कृषक, समुह, सहकारीलाई साना उपकरणहरुमा समेत अनुदान उपलब्ध गराउन सकिनेछ ।

१०. <u>विज्ञ तथा प्राविधिक करारमा लिने:</u> (१) यस कार्यक्रम संचालनको लागि कृषि विभागले नियमानुसार उखु विज्ञ करार सेवामा लिन सक्नेछ । उखु विज्ञको योग्यता अनुसूची-६मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

(२) कृषि विभागले तन्तु प्रजनन् प्रयोगशाला संचालनको लागि नियमानुसार प्राविधिक करार सेवामा लिन सक्नेछ । प्राविधिकको योग्यता अनुसूची-६मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नियुक्त हुने उखु विज्ञ र प्राविधिकको कार्य विवरण अनुसूची-७ बमोजिम हुनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त हुने उखु विज्ञ र प्राविधिकको सम्पर्क कार्यालय सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

११. <u>कार्यक्रममा समावेश हुने अन्य क्रियाकलापहरु:</u> नेपालमा उखु खेती प्रवर्द्धनको लागि आवश्यक प्रविधि विकास तथा प्रसारको सम्बन्धमा स्पष्ट लक्ष्य निर्धारण सहितको ५ वर्षीय कार्यक्रम र विस्तृत कार्ययोजना सहितको प्रतिवेदन तयार गर्न गठित कार्यदलले पेश गरेको पाँच वर्षीय नमूना उखु विकास कार्यक्रमको आधारमा आगामी

वर्षहरुमा सञ्चालन गरिने उखुबाली प्रवर्द्धन सम्बन्धी अन्य क्रियाकलापहरु (जस्तै प्रविधि प्रदर्शन) लाई समेत यस कार्यक्रम सञ्चालन प्रक्रियाले समावेश गर्नेछ ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

१२. **प्रस्ताव आह्वान तथा मूल्याङ्कनः** (१) दफा ७(२) बमोजिमको शोधपत्र अनुसन्धानको लागि अनुदान सहयोग, दफा ८ बमोजिमको तन्तु प्रजनन प्रयोगशाला (Tissue Culture Lab) तथा दफा ९ बमोजिमको कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालनका लागि योग्य अनुदानग्राही छनौट गर्न कृषि विभागले राष्ट्रियस्तरको पत्रिकामा नियमानुसार म्याद दिई अनुसूची-८ बमोजिम सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको आधारमा अनुसूची-६ मा उल्लेख भए बमोजिम योग्यता पुरा गर्ने आवेदकहरुले सूचनामा उल्लेखित आवश्यक प्रमाण संलग्न गरी अनुसूची-९ बमोजिमको आवेदनको साथ अनुसूची-१० बमोजिमको प्रस्ताव विभागमा दर्ता गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम दर्ता भएका प्रस्तावहरुको मूल्याङ्कन गरी अनुदानग्राही तथा दफा ७(२) अनुसारको शोधपत्र छनौट गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| उप-महानिर्देशक, कृषि उत्पादकत्व महाशाखा, कृषि विभाग | अध्यक्ष |
| बरिष्ठ कृषि इन्जिनियर, कृषि विभाग | सदस्य |
| प्रमुख, लेखा शाखा, कृषि विभाग | सदस्य |
| प्रतिनिधि, वाणिज्य बैंक | सदस्य |
| शाखा प्रमुख, कृषि उत्पादन सामग्री व्यवस्थापन शाखा, कृषि विभाग | सदस्य सचिव |

(४) उपदफा (३) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञलाई सिमितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्य योजना तयार गर्ने, स्वीकृत गराउने तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) उखु खेतीको तथ्यांक माग गर्ने तथा अद्यावधिक गर्ने,

(ग) अनुदान रकम भुक्तानीका लागि शिफारिस गर्ने,

(घ) अनुदानमा दिइने उपकरणहरुको स्पेसिफिकेसन तयार गर्ने,

(ङ) कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने,



सचिव

(च) समस्यासमाधान, गुनासो व्यवस्थापन तथा कारवाही सम्बन्धमा निर्देशक समितिलाई शिफारिस गर्ने,

(छ) विज्ञ एवं प्राविधिक छनोट गर्ने,

(ज) मूल्याङ्कनमा आधारहरु तय गर्ने तथा आवश्यकता अनुरुप परिमार्जन गर्ने,

(झ) सम्झौताको ढाँचा तयार गर्ने तथा आवश्यकता अनुरुप परिमार्जन गर्ने।

(ञ) शोधपत्र अनुसन्धान क्षेत्र तोक्ने तथा सल्लाहकारको रोष्टर तयार गरि विभागमा सिफारिस गर्ने।

(६) समितिले अनुसूची-६अनुसार योग्यता तथा कागजातहरुको आधारमा प्राप्त प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रारम्भिक मूल्याङ्कनमा सफल भएका प्रस्तावहरुलाई सिफारिस समितिले अनुसूची-११ बमोजिमको मूल्याङ्कनका आधारमा विस्तृत मूल्याङ्कन गरी योग्य आवेदकलाई छनौट गरी अनुदानका लागि विभागलाई सिफारिस गर्नेछ ।

(८) उपदफा (७) बमोजिम छनौट भएका आवेदकको विवरण विभागको सूचनापाटी तथा वेभसाइटमा प्रकाशन गरिनेछ ।

(९) उपदफा (३) बमोजिमको सिफारिस समितिलाई प्रस्ताव मूल्याङ्कनका क्रममा प्राम्भिक मूल्याङ्कन, स्थलगत प्रमाणिकरण, मेशिनरी उपकरणको स्पेशिफिकेसन तयारी लगायतका काममा सहयोग गर्न सिफारिस समितिले उप समिति गठन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम गठन हुने उप समितिको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

१३. <u>सम्झौता एवं कायदिश</u>: यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीसँग विभागले आवश्यकता अनुरुप वार्ता गरी अनुसूची-१२ बमोजिमको प्रतिवद्धता लिई अनुसूची-१३ बमोजिमको ढाँचामा सम्झौता गरी कायदिश दिनेछ ।सम्झौता सम्वन्धी विधि र प्रक्रिया नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

१४. <u>अनुदान रकम</u>: यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

१५. <u>अनुदान प्रवाह विधि</u>: (१) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकमको भूक्तानी विधि नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।



सचिव

(२) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम स्वीकृत अनुदान रकमको प्रचलित नियमानुसार रकम कन्टिन्जेन्सी बापत कट्टा गरी सूचना प्रकाशन, मसलन्द लगायतका कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रशासनिक काममा विभागले खर्च गर्नेछ ।

(३) अनुदान रकम प्राप्त गर्न अनुदानग्राहीले अनुसूची-१४ बमोजिमको कार्य सम्पादन प्रतिवेदन विभागमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४
## उखुबाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको संस्थागत व्यवस्था

१६. <u>निर्देशक समिति गठन तथा काम, कर्तव्य र अधिकार</u>ः (१) उखुबाली प्रवर्द्धन कार्यक्रमलाई नीतिगत पृष्ठपोषण एवं दिशा निर्देश गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| उप महानिर्देशक, योजना अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग | सदस्य |
| प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | सदस्य |
| वरिष्ठ कृषि अधिकृत, कृषि विकास महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| प्रमुख, राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम | सदस्य |
| अध्यक्ष, चिनी उद्योग संघ | सदस्य |
| अध्यक्ष, उखु उत्पादक केन्द्रीय सहकारी संघ | सदस्य |
| उप महानिर्देशक (कृषि उत्पादकत्व महाशाखा), कृषि विभाग | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुरुप बस्नेछ ।

(४) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उखु प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि नीति निर्माण तथा पृष्टपोषण गर्ने,

(ख) कार्यान्वयन समितिलाई आवश्यक मार्ग दर्शन तथा निर्देशन दिने,

(ग) राष्ट्रिय स्तरमा सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने,



सचिव

(घ) उखु वाली प्रवर्द्धन सम्बन्धी वार्षिक कार्य योजना स्वीकृत गर्ने,

(ङ) आवश्यकता अनुसार कार्यक्रम सञ्चालन प्रक्रिया संशोधन/परिमार्जन गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(च) अनुदान रकमको दुरुपयोग गर्ने अनुदानग्राहीलाई कारवाही गर्ने,

## परिच्छेद-५
## अनुगमन तथा मूल्याङ्कन

१७. अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन नियमित रुपमा मन्त्रालय र विभागबाट हुनेछ। राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय लगायत अन्य सरोकारवाला निकायहरुबाट संयुक्त अनुगमन हुन सक्नेछ र आवश्यकता अनुसार प्रदेश र स्थानीय तहले समेत अनुगमन तथा मूल्यांकन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको कार्यक्रम सञ्चालनको लेखा रुजु गर्न सक्नेछ र यस सम्वन्धी हिसाब देखाउने दायित्व अनुदानग्राहीको हुनेछ ।

## परिच्छेद-६
## विविध

१८. अनुदानग्राहीले पालना गर्नुपर्नेः (१) तन्तु प्रजनन प्रयोगशाला स्थापना र सञ्चलनका लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीले तन्तु प्रजनन प्रविधिबाट उत्पादित उखुको प्रथम पुस्ताको विरुवा विभागले तोके बमोजिम अनुदानमा वितरण गर्नुपर्नेछ ।

(२) कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालनका लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सम्झौतामा उल्लेखित शर्त बमोजिम कृषकहरुलाई सेवा प्रवाह गर्नुपर्नेछ ।

(३) अनुदानग्राहीले यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि अनुदान रकम सम्वन्धी विवरण सहितको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

१९. कारवाहीको व्यवस्थाः (१) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम अनुदान रकम लिई सम्झौता बमोजिम कार्य नगरेमा वा गुणस्तरीय कार्य सम्पादन नगरेमा त्यस्ता अनुदानग्राहीको अनुदान रकम रोक्का गर्न सकिनेछ ।



सचिव

(२) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

२०. <u>प्रचलित कानून लागु हुने</u>: यस कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । यस कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२१. <u>संशोधन र खारेजी</u>: कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकता अनुसार यस कार्यक्रम सञ्चालन प्रक्रियामा संशोधन वा खारेजी गर्न सक्नेछ ।

सचिव

अनुसूची-१

(दफा ७ को उपदफा (२) को ग सँग सम्वन्धित)

शोधपत्र प्रस्तावसँगै पेश गर्नुपर्ने कागजातहरु

१. शोधकार्य अनुदान मागको निवेदन
२. शैक्षिक संस्था / क्याम्पसको आधिकारिक पत्र (शोधकार्य प्रस्ताव स्वीकृत भएको र अन्य श्रोतबाट शोधकार्यको लागि अनुदान प्राप्त नगरेको विवरण अनिवार्य राखिएको हुनु पर्ने, शोधपत्रका लागि औचित्य स्पष्ट हुने धारणा सहित सम्बन्धित विश्वविद्यालय/अध्ययन संस्थानको शिफारिस पत्र)
३. सम्बन्धित विद्यार्थीको बायोडाटा, स्नातक तहको प्रमाण पत्रहरुको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
४. फर्मेट अनुसार भरिएको शोधकार्य प्रस्ताव
५. अन्य श्रोतबाट शोधकार्यको लागि अनुदान प्राप्त नगरेको स्व-घोषणा

सचिव

अनुसूची-२
(दफा ७ को उपदफा (२) को ग सँग सम्वन्धित)

शोधकार्य प्रस्ताव ढाँचा

A. Title
B. Background
C. Objectives: General and Specific
D. Statement of Problem
E. Rationale of Study
F. Literature Review
G. Research Questions
H. Research Hypothesis (if relevant)
I. Research Design and Methodology
J. Limitation of the Study
K. Work Plan/Gantt Chart
L. References

सचिव

## अनुसूची-३

(दफा ७ को उपदफा (२) को घ सँग सम्वन्धित)

### शोधकार्य प्रस्ताव मूल्याङ्कनका आधारहरु

१. समस्या निर्धारण र सान्दर्भिकता (२५): (शोधकार्य समितिले निर्धारण गरेका अनुसन्धान क्षेत्र (thematic areas) भित्र पर्नु पर्दछ ।

२. तथ्यहरुको समिक्षा (१०)

३. अध्ययन र अनुसन्धानको औचित्य (२०)

४. अध्ययन स्थल र यसको पुष्टयाई (५)

५. अनुसन्धानको डिजाइन र विधि (३०)

६. बजेट सहित कार्य योजना (१०)

अनुसूची-४

(दफा ७ को उपदफा (२) को ठ सँग सम्वन्धित)

**शोधकार्य अनुदान सम्झौता**

कृषि विभाग (यस पछि पहिलो पक्ष भनिने) र ......................... (यस पछि दोस्रो पक्ष भनिने) बीच देहायका शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

१. पहिलो पक्षले शोधकार्य अनुदान रु. ............ (अक्षरमा..........) ........ठेगाना..... निवासी वर्ष ........का, हाल ................ शैक्षिक संस्थामा ................ तहमा अध्ययनरत श्री ................ लाई स्वीकृत शोधकार्य "......(शोधकार्य शीर्षक)................."कार्यान्वयनमा अनुदान दिन मञ्जुर छ ।

२. शोधकार्य अनुसन्धानको समयावधि ......................... हुनेछ ।निर्दिष्ट समयावधिमा शोधकार्य सफल रुपमा सम्पन्न गर्न दोस्रो पक्ष जिम्मेवार रहनेछ ।

३. सहि उपयोग, सन्तोषजनक प्रगति एवं वित्तीय प्रतिवेदन र खर्चका आधारमा अनुदान रकम निकासा गरिनेछ ।

४. शोधपत्र सल्लाहकार समितिको एकजना सदस्य कृषि विभागले तोके बमोजिम राख्नुपर्नेछ तथा शोधकार्यको Acknowledgement मा पहिलो पक्षलाई उल्लेख गर्नुपर्नेछ।

५. विश्वविद्यालयमा defence गर्नु अघि र Result seminar पछि कृषि विभागमा प्रस्तुतीकरण गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले २ प्रति शोधकार्यको thesis र १ प्रति नेपालीमा लेखिएको शोधकार्यको नतिजा प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

७. दोस्रो पक्षले बुझाउनु पर्ने सबै सामग्री बुझाइसकेपछि मात्र प्रथम पक्षले अनुदान रकम रु..........भुक्तानी प्राप्त गर्नेछ ।

८. शोधकार्यको कार्यान्वयनको चरणमा विशेष कारणले केही विषयवस्तु परिवर्तन गर्नु परेमा कृषि विभागलाई जानकारी गराउनुपर्नेछ । यस सम्वन्धमा कृषि विभागको निर्णयानुसार हुनेछ ।

९. यदि कुनै कारणले यो सम्झौता रद्द गर्नुपर्ने परिस्थिति आएमा प्रथम पक्षले दोस्रो पक्षलाई लिखित सूचना दिई कुनै पनि बखत यो सम्झौता रद्द गर्न सक्नेछ ।

**प्रथम पक्षका तर्फबाट**

नामः ...............................................

पदः ...............................................

हस्ताक्षरः ...............................................

मितिः ...............................................

**दोस्रो पक्षका तर्फबाट**

नामः...............................................

प्रापक विद्यार्थीको परिचयपत्र नम्बरः ...............................................

स्थायी ठेगानाः

टोलः ..........................वार्ड नंः .............गाउँपालिका / नगरपालिकाः .........................जिल्लाः .........................

हस्ताक्षरः ...............................................

मितिः ...............................................

शैक्षिक संस्था र विश्वविद्यालयको नाम र ठेगानाः

## अनुसूची-५
### (दफा ९ को उपदफा (२) सँग सम्वन्धित)
### कष्टम हायरिङ्गका लागि आवश्यक न्यूनतम् कृषि यन्त्रहरुको विवरण

| सि नं | विवरण | संख्या | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ |
|---|---|---|---|---|---|---|
| १ | Sugarcane Harvestor with hover | ३ | १ | १ | १ | |
| २ | Laser land leveler | २ | | १ | १ | |
| ३ | Power Harrow | ४ | १ | १ | १ | १ |
| ४ | Reversible MB Plough | ४ | १ | १ | १ | १ |
| ५ | Semi Automatic Sugarcane planter | १० | ३ | ४ | ३ | |
| ६ | Inter-row rotary tiller | १० | ३ | ४ | ३ | |
| ७ | Tractor operated Pit digger | १० | ३ | ३ | ४ | |
| ८ | Trench Opener | १० | ३ | ४ | ३ | |
| ९ | Tractor operated Boom Sprayer | २ | १ | १ | | |
| १० | Tractor (80hP) | २ | १ | १ | | |
| ११ | Sugarcane Reaper | १० | ३ | ४ | ३ | |
| १२ | Tractor operated Ratoon manager | १० | ३ | ४ | ३ | |

सचिव

## अनुसूची-६
## (दफा ८, ९ र १० सँग सम्वन्धित)

### योग्यता तथा मूल्याङ्कनका आधारहरु

**(क) तन्तु प्रजनन् प्रयोगशाला (Tissue Culture Lab) स्थापनाका लागि आवेदकको योग्यता**

- आवेदकले कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ तथा कानून अनुसार पुरा गर्नु पर्ने सबै दायित्वहरु जस्तै लेखापरिक्षण, करचुक्ता, नविकरण पुरा गरेको हुनुपर्नेछ ।
- प्रयोगशाला स्थापनाको लागि आवेदकको आफ्नै नाममा घर जग्गा नभएमा सम्वन्धित कामको लागि कम्तीमा १० बर्षको लागि लिजमा लिने गरी करारनामा भएको हुनुपर्नेछ ।
- यस भन्दा अघि तन्तु प्रजनन सम्वन्धी अनुभव हासिल गरेको आवेदकलाई प्राथमिकता दिइनेछ ।
- आवेदकको तर्फबाट लागत साझेदारीको सुनिश्चितता भएको हुनु पर्नेछ ।

**(ख) कष्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि आवेदकको योग्यता**

- आवेदकले कानून बमोजिम दर्ता भइ स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ तथा कानून अनुसार पुरा गर्नु पर्ने सबै दायित्वहरु जस्तै लेखापरिक्षण, करचुक्ता, नविकरण पुरा गरेको हुनुपर्नेछ ।
- कष्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि आवेदकको आफ्नै नाममा घर जग्गा नभएमा सम्वन्धित कामको लागि कम्तीमा १० बर्षको लागि लिजमा लिने गरी करारनामा भएको हुनुपर्नेछ ।
- आवेदकको तर्फबाट लागत साझेदारीको सुनिश्चितता भएको हुनु पर्नेछ ।

**(ग) विज्ञ तथा प्राविधिकका लागि आवश्यक न्यूनतम योग्यताः**

**ग (१) विज्ञ सेवाका लागि आवश्यक न्यूनतम योग्यता**

- नेपाली नागरिक हुनुपर्ने ।
- अन्यत्र रोजगारी नभएको हुनुपर्ने ।
- कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा आवश्यकता अनुसार अनुगमन तथा प्राविधिक सल्लाहका लागि फिल्ड भ्रमण गर्न मन्जुर हुनुपर्ने ।
- कम्तिमा कृषि विज्ञानमा स्नातकोत्तर तहको योग्यता हाँसिल गरेको हुनुपर्ने।
- उखु अनुसन्धान क्षेत्रमा न्यूनतम ५ वर्ष कार्य गरेको हुनुपर्ने।
- उखु वाली प्रवर्द्धन सम्बन्धी कम्तीमा ३ वटा अनुसन्धान पत्र राष्ट्रिय वा अन्तर्राष्ट्रिय जर्नल वा प्रोसिडिङ्गमा प्रकाशन गरेको हुनुपर्ने।
- विभागले उपलब्ध गराएको पारिश्रमिकमा काम गर्न ईच्छुक हुनुपर्ने ।



सचिव

- तन्तु प्रजनन प्रयोगशाला सम्बन्धी अनुभव भएको अधिकतम् ६५ वर्ष ननाघेको उमेद्वारलाई प्राथमिकता दिइनेछ ।
- कम्प्युटर प्रयोग सम्वन्धी ज्ञान र सिप भएको ।

ग (२) प्राविधिक सेवाको लागि न्यूनतम योग्यता

- कम्तीमा कृषि विज्ञान/बायोटेक्नोलोजी विषयमा स्नातक तह उत्तीर्ण गरेको ।
- तन्तु प्रजनन प्रयोगशाला सम्बन्धी अनुभव भएको उम्मेदवारलाई प्राथमिकता दिइने ।
- कम्प्युटर प्रयोग सम्वन्धी ज्ञान र सिप भएको ।

(घ) विज्ञ तथा प्राविधिक छनोटका आधारहरुः

घ(१) विज्ञ छनोटका आधारहरुःन्यूनतम योग्यता पुगेका उमेद्वारहरुलाई देहाय अनुसारका आधार बमोजिम मूल्याङ्कन गरिनेछः

| | |
|---|---|
| १. शैक्षिक योग्यता | (१५ अङ्क) |
| क. स्नातकोत्तर | (१० अङ्क) |
| ख. विद्यावारिधि | (१५ अङ्क) |
| २. कार्य अनुभव | (२० अङ्क) |
| क. ५ वर्ष | (१० अङ्क) |
| ख. ५ देखि ७ वर्ष | (१५ अङ्क) |
| ग. ७ वर्ष भन्दा बढी | (२० अङ्क) |
| ३. तन्तु प्रजनन प्रयोगशाला सम्बन्धी अनुभव | (१० अङ्क) |
| क. नभएको | (० अङ्क) |
| ख. भएको | (१० अङ्क) |
| ४. कार्य योजना | (१५ अङ्क) |
| ५. अनुसन्धान पत्र प्रकाशन | (१० अङ्क) |
| क. ३ वटा | (५ अङ्क) |
| ख. ३ वटा भन्दा बढी | (१० अङ्क) |
| ५. कम्प्यूटर प्रयोग सम्वन्धी क्षमता | (५ अङ्क) |
| ६. अन्तरवार्ता | (२५ अङ्क) |
| कूल | १०० अङ्क |

घ (२) प्राविधिक छनोटका आधारहरुः न्यूनतम योग्यता पुगेका उम्मेद्वारहरुलाई अन्तरवार्ताको माध्यमबाट छनौट गरिनेछ ।



सचिव

अनुसूची-७

(दफा १० को उपदफा (३) सँग सम्वन्धित)

## कार्य विवरण

१. **उखु विज्ञको कार्य विवरणः** यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम करार सेवामा नियुक्त गरिने उखु विज्ञको कार्य विवरण देहाय बमोजिम हुनेछः-

- स्वीकृत कार्यक्रम कार्यान्वयनमा विभागलाई सहयोग गर्ने ।
- उखु मिल र कृषकहरु बिच समन्वय गराउने ।
- पूर्व करार सम्झौता गर्न सहयोग गर्ने ।
- कार्यक्रमको प्रगतिप्रतिवेदन तयार गर्ने ।
- प्रदेश तथा स्थानीय तहसँग समन्वय सहजिकरण गर्ने ।
- कार्यक्रमको अनुगमन गर्ने ।
- अनुसन्धान तथा प्रसार कार्यक्रममा समन्वय तथा सहयोग गर्ने ।
- तन्तु प्रजनन प्रयोगशाला तथा कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालनमा प्राविधिक सहयोग गर्ने ।
- उखुबालीसँग सम्बन्धित तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गर्ने ।
- कृषक एवं प्राविधिकहरुलाई तालिममा सहजीकरण गर्ने ।
- आवश्यकता अनुसार विभाग/कार्यान्वयन समिति ले कार्यक्रम सम्बन्धमा तोकेको अन्य कार्य गर्ने ।

२. **प्राविधिकको कार्य विवरणः** यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम करार सेवामा नियुक्त गरिने प्राविधिकको कार्य विवरण देहाय बमोजिम हुनेछः-

- तन्तु प्रजनन प्रयोगशाला सञ्चालनमा सहयोग गर्ने ।
- प्रयोगशालामा प्रयोग हुने उपकरणहरुको स्पेसिफिकेसन तयार गर्ने ।
- प्रयोगशालामा प्रयोग हुने आवश्यक सामग्री व्यवस्थापनमा प्राविधिक सहयोग ।
- प्रयोगशाला संचालन सम्बन्धी तालिम तथा प्राविधिक सहयोग प्रदान गर्ने ।
- प्रयोगशाला संचालन सम्बन्धी प्रतिवेदन तयार गर्ने ।
- विज्ञसँग समन्वय गरी कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने ।
- आवश्यकता अनुसार विभाग/कार्यान्वयन समिति ले कार्यक्रम सम्बन्धमा तोकेको अन्य कार्य गर्ने ।



सचिव

अनुसूची-८

(दफा १२ को उपदफा (१) सँग सम्वन्धित)

प्रस्ताव आह्वानको लागि सूचनाको ढाँचा

सूचना । सूचना ।। सूचना ।।।

कृषि विभागको आर्थिक बर्ष २०....../...... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तन्तु प्रजनन् प्रयोगशाला /कस्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक निजी /सहकारी संस्थाहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र कृषि विभागमा अनुसूची ९ अनुसारको कागजातहरुसहितको आवेदन एवं अनुसूची १० अनुसारको व्यवसायिक प्रस्ताव सहित आवेदन दिनुहुन अनुरोध छ। थप जानकारीका लागि कृषि विभाग हरिहरभवन (०१-५५२१३२३) मा सम्पर्क गर्न सक्नुहुनेछ ।

सचिव

अनुसूची-९

(दफा १२ को उपदफा (२) सँग सम्वन्धित)

टिस्यु कल्चर ल्याब/ कस्टम हायरिङ्ग सेन्टरका लागि आवेदन फारम

मितिः

श्रीमान् महानिर्देशकज्यू,
कृषि विभाग,
हरिहरभवन।

**विषयः तन्तु प्रजनन् प्रयोगशाला / कस्टम हायरिङ्ग सेन्टर सञ्चालनका लागि आवश्यक उपकरण तथा औजारखरिदमा अनुदान सम्बन्धमा।**

महोदय,

प्रस्तुत विपयमा तहाँ विभागबाट सञ्चालित उखुबाली प्रवर्द्धन कार्यक्रम कार्यक्रम अन्तर्गत तन्तु **प्रजनन् प्रयोगशाला / कस्टम हायरिङ्ग सेन्टर**सञ्चालन गर्नका लागि **(आवेदकको नाम तथा ठेगाना)** ................................... ले अनुसूचीहरुमा उल्लेख भए बमोजिमका क्रियाकलापका लागि जम्मा रकम रु........................ /-(अक्षरेपी....... ..................................................) को योजना तयारगरी आवश्यक अन्य काजगातहरुसहित अनुदान सहयोगको लागि पेश गरेको ब्यहोरा अनुरोध गर्दछु/छौं । योजनामा उल्लेख भएको कुल बजेट मध्ये तहाँ विभागबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ......................./(अक्षरेपी...... .........................) बाहेकको अन्य रकम (**आवेदकको नाम** )........................ले रु...................... /-(अक्षरेपी..............) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ विभागबाट सञ्चालित यस कार्यक्रममा छनौट गरिपाउँ भनी अनुरोध छ । साथै तपिशल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा अनुरोध छ ।

<u>संलग्न कागजातहरु</u>

१. रु. १० को टिकट टाँसेको अनुसूचि ८ अनुसारको निवेदन ।
२. दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
५. आवेदकसँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार ।
६. प्रस्तावित जमिनमा सडक तथा विद्युत आपूर्ति सुविधा रहे नरहेको प्रमाण ।

निवेदक
नामः
ठेगानाः

फर्म/कम्पनी/सहकारीको छापः



सचिव

अनुसूची-१०
(दफा १२ को उपदफा (२) सँग सम्वन्धित)
तन्तु प्रजनन प्रयोगशाला /कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि
प्रस्तावको नमुना

खण्ड १: सामान्य

१. परिचय

२. सम्पर्क व्यक्तिको विवरण

| | |
|---|---|
| सम्बन्धित व्यक्तिको नाम | |
| टेलिफोन नं/मोबाइल नं | |
| इमेल ठेगाना | |

३.प्रस्तावकको विवरण

| | |
|---|---|
| प्रस्तावक/ आवेदक संस्थाकोनाम | |
| व्यवसाय शुरु गरेको वर्ष | |
| स्थापना वर्ष (विधिवत दर्ता भएको वर्ष) | |
| आवेदक संस्थाको किसिम (सहकारी, कम्पनी, उद्योग, संघसंस्था) | |
| स्थायी ठेगाना | |
| अनुदान प्रस्ताव गरिएको क्षेत्र | |
| संस्थाको हालको अध्यक्ष वा कार्यकारीको नाम | |
| टेलिफोन नं/मोबाइल नं | |
| इमेल ठेगाना | |
| प्रस्तावकको पूर्वाधार सम्बन्धी विवरण | क) कार्यालय भवन<br>ख) जमिन<br>ग) यातायात (परिवहन)<br>घ) भारी उपकरण र मेशिनरीहरु<br>ङ) वित्तीय अवस्था |
| प्रस्तावकको हालसम्मको अनुभव (यस अघि अनुदान प्राप्त गरेको भए सोको समेत विवरण) | |
| आवेदकको कार्यसंचालन ढाँचा (बोर्ड, कार्यकारी, समिति आदि) | |

पेश गर्नेको नाम (अख्तियारी प्राप्त अधिकारी):..........................................

हस्ताक्षरः

मितिः

संस्थाको छाप:..........................................

सचिव

**खण्ड २: प्राविधिक र वित्तिय प्रस्ताव**

१. परिचय: संक्षिप्त विवरण (के कसरी र के कार्यका लागि प्रस्ताव पेश गरिएको हो)
२. आयोजनाको शीर्षक
३. आवेदन गरिएको क्षेत्र
४. वातावरणमा पर्ने प्रभाव
५. उद्देश्य
६. आयोजना विवरण: (औचित्य, रणनीति, प्रतिफल, उपलब्धी, मूख्य क्रियाकलाप, स्थान, समयावधी)
७. दिगोपना सुनिश्चित हुने ठोस आधार
८. तन्तु प्रजनन् प्रयोगशाला स्थापनाको हकमा प्रयोगशालाबाट उत्पादित बिरुवा आफ्नो कमाण्ड क्षेत्र भित्रका कृषकलाई कसरी उपलब्ध भई खेती विस्तार हुन्छ भन्ने विषय उल्लेख गरिएको कार्ययोजना तथा बीरुवा Multiplicationयोजना
९. कष्टम हायरिङ्गको हकमा कति क्षेत्रफलमा सेवा विस्तार गर्न सकिन्छ, भाडा दर निर्धारण तथा प्रचलित बजारदरमा कृषकलाई उपलब्ध गराउन सकिने सहुलियत तथा कम्पाइन संचालन मोडेल र क्रसिङ्ग कार्ययोजना आदि खुलेको कार्ययोजना
१०. अपेक्षित प्रभाव
११. बजेट तथा प्रस्तावित पुरक अनुदान

| बजेट शीर्षक | क्रियाकलाप (प्रति इकाइ लागत रु मा) | बजेट योगदान अंश (रु) | | कैफियत |
|---|---|---|---|---|
| | | सार्वजनिक निकायको अनुदान | प्रस्तावकले व्यहोर्ने अंश /अनुदान | |
| क्रियाकलापको विवरण | | | | |
| क्रियाकलापको विवरण | | | | |
| क्रियाकलापको विवरण | | | | |
| जम्मा | | | | |

नोट : कष्टम हायरिङ्गका लागि आवेदन दिने सहकारीले उखु कटानी पश्चात् उखुको स्वामित्व चिनी मिलमा हस्तान्तरण हुने गरी चिनी मिलसँग गरिएको समझदारी पत्र अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

सचिव

अनुसूची-११

(दफा १२ को उपदफा (७) सँग सम्वन्धित)

प्रस्ताव मूल्याङ्कनका आधारहरु

तन्तु प्रजनन प्रयोगशाला /कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | प्राप्ताङ्क | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | अनुदानग्राहीसँग कृषकहरुको पहुँचः अनुदानग्राही संस्थाले कृषक/कृषि व्यवसायीहरुलाई दिने सेवा सुविधा /सहुलियत | | १५ | |
| २ | अनुदानग्राही संस्थाको कार्यक्रम संचालन क्षमता, अनुभव, जनशक्ती उपलब्धता, आर्थिक अवस्था, प्रस्तावित कार्यको लागि अन्य सुविधा | | १५ | |
| ३ | प्रस्तावमा नविनतम विशेषताहरुः जस्तै प्रविधिमा नविनता, कृषकका चुनौतीहरुलाई अवसरमा परिणत गर्ने, रोजगारी सृजना, कृषि वस्तु उत्पादन/प्रशोधन, व्यवसायीक सामाजिक दायित्व आदि | | १५ | |
| ४ | आर्थिक, व्यवस्थापकीय, वित्तीय, प्राविधिक पक्षहरु | | ३५ | |
| ५ | वातावरणीय पक्षः वातावरणमा पर्ने सकारात्मक प्रभाव | | १० | |
| ६ | सामाजिक समावेशीकरण | | १० | |
| जम्मा प्राप्ताङ्क | | | १०० | |

नोटः माथि उल्लेखित मूल्याङ्कनका आधारहरुमा समितिले आवश्यकता अनुसार break down गर्न सक्नेछ तर सो कार्य प्रस्ताव खोल्नु पहिले नै निर्धारण गर्नुपर्नेछ ।



सचिव

अनुसूची-१२
(दफा १३ सँग सम्वन्धित)

## प्रतिवद्धता पत्र

## तन्तु प्रजनन प्रयोगशाला /कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि

कृषि विभागको मितिर०७....../ ..../ ....को सूचना अनुसार तन्तु प्रजनन् प्रयोगशाला / कस्टम हायरिङ्ग सेन्टर सञ्चालनका लागि कार्य योजनासहितको आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ८ (आठ) बर्षसम्म निरन्तरता दिनेछु/छौं। कार्य योजना अनुसारको कार्य नगरेमा वा ८ (आठ) बर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा ऐन कानुन बमोजिम सहुँला /बुझाउँला।

मिति २०७...../ ..../ ..... ।

अख्तियारी प्राप्त व्यक्तीको नाम :

ठेगानाः

दस्तखतः

मितिः

| दाँया | बाँया |
|---|---|
| | |

सहकारी/फर्म/कम्पनीको छापः

सचिव

अनुसूची-१३

(दफा १३ सँग सम्वन्धित)

<u>टिस्यु कल्चर ल्याब /कस्टम हायरिङ्ग सेन्टर सम्झौता-पत्र</u>

कृषि विभाग (यस पछि पहिलो पक्ष भनिने) र ........................ (यस पछि दोस्रो पक्ष भनिने) बीच उखुबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६ बमोजिम तन्तु प्रजनन् प्रयोगशाला / कस्टम हायरिङ्ग सेन्टर सञ्चालनका लागि देहायका शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

(१) सम्झौता भएको मितिदेखि सम्झौता प्रारम्भ भएको मानिनेछ ।

(२) दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नुपर्नेछ।

(३) तन्तु प्रजनन् प्रयोगशाला / कस्टम हायरिङ्ग सेन्टर सञ्चालनका लागि प्रथम पक्षले दोश्रो पक्षलाई ..... किस्तामा सम्झौता बमोजिमको रकम रु................(अक्षरेपी ..................) उपलब्ध गराउनेछ । *(अनुदान रकम भूक्तानी विधि नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ)*

(४) तन्तु प्रजनन प्रयोगशाला स्थापना पश्चात् उत्पादित स्वस्थ विरुवाको बिक्रि प्रवन्ध दोश्रो पक्ष स्वयमले मिलाउनु पर्नेछ ।

(५) दोश्रो पक्षले यस सम्झौता अनुसार खरिद गरिएका मेशिनरी यन्त्रहरु आफ्नै नाममा पास गरी स्पष्ट रुपमा विभागको अनुदान सहयोग एवम् कृषि प्रयोजनको लागि मात्र भनी उल्लेख गरिएको जानकारी देखिने गरी नमेटिने गरी लेख्नुपर्नेछ ।

(६) दोश्रो पक्षले सम्झौता बमोजिम अनुदान रकम प्राप्त गरी खरिद गरिएका कूनै पनि कृषि यन्त्र तथा मेशिनहरु गैह कृषि प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन । यदि त्यस्तो गरेको पाइएमा प्रथम पक्षले जफत गरी वैकल्पिक प्रयोगमा ल्याउनेछ ।

(७) यस सम्झौता बमोजिम स्थापना हुने तन्तु प्रजनन् प्रयोगशाला/कष्टम हायरिङ्ग संचालन लागि दोश्रो पक्षले बिरुवाको बिक्री मूल्य, बिरुवा वितरण योजना/भाडा दर, मर्मत सम्भार योजना, आदि प्रथम पक्षसँगको समन्वयमा गर्नुपर्नेछ ।

(८) खरिद गरिएका कृषि यन्त्र तथा मेशिनहरु एवम् तन्तु प्रयोगशालाको व्यवस्थापन, परिचालन तथा मर्मत सम्भार तथा संरक्षण गर्ने सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ । दोश्रो पक्षले आफ्नो कमाण्ड क्षेत्र भित्रका कृषकहरुको उखु खेती व्यवसायमा सहयोग हुने गरी प्राथमिकताका साथ सहुलियत दरमा यि कृषि यन्त्र तथा मेशिनहरुको प्रयोग गर्नुपर्नेछ ।

(९) दोश्रो पक्षले सम्झौता बमोजिम अनुदान रकम प्राप्त गरी खरिद गरिएका कुनै पनि कृषि यन्त्र तथा मेशिन औजार उपकहरणहरु बेच विखन गर्न पाइनेछैन । यदि बेच बिखन गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ र सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।



सचिव

(१०) प्रथम पक्षले स्वीकृत अनुदान रकमको प्रचलति नियमानुसार हुने रकम रु.................(अक्षरेपी ..................) कन्टिन्जेसी वापत कट्टा गर्नेछ ।

(११) किस्ता भुक्तानी गर्दा सम्बन्धित सिफारिस समितिको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ। दोश्रो पक्षले कार्य गर्दा सम्बन्धित समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

(१२) अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा दोश्रो पक्षले अन्तिम बील भर्पाई सहितको सम्पन्न प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ ।सो को प्रथम पक्षले अनुगमन गरी गराइ भुक्तानीका लागि सिफारिस प्राप्त भएपछि प्रथम पक्षले सामान्यतया सम्पूर्ण प्रतिवेदन तथा बीलहरु प्राप्त भएको १५दिनभित्र भुक्तानी गर्नेछ।

(१३) दोश्रो पक्षले सम्पन्न भएका सबै कार्यक्रमको सार्वजनिक सुनुवाई कार्यक्रम क्षेत्रमा गर्नुपर्नेछ।

(१४) यस सम्झौताले नसमेटेका विषयहरुका हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| .............................. | .............................. |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नाम र छापः | फर्मको नाम र छापः |

रोहवर

**(नोटः कार्यक्रम कार्यान्वयनको समयमा कृषि विभागले सम्झौता पत्रमा आवश्यकता अनुसार थप घट गर्नसक्नेछ।)**



सचिव

अनुसूची-१४

(दफा १५ को उपदफा (३) सँग सम्वन्धित)

## कार्य सम्पादन प्रतिवेदन

१) शीर्ष पृष्ठ
- संस्थाको नाम
- ठेगाना
- फोन नं.
- इमेल ठेगाना
- प्रतिवेदन अवधि
- प्रतिवेदन मिति

२) विषय सूची

३) सारांश

४) परिचय

५) मूख्य कृयाकलाप र उपलब्धीहरु